Digital Rights Nepal

Digital Rights action Group

# सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१

# विश्लेषण पत्र

## सन्दर्भ र पृष्ठभूमि

नेपाल सरकारले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाउँदै सामाजिक सञ्जालको मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने उद्देश्यले २०८१ माघ १५ गते "सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" राष्ट्रियसभामा दर्ता गरेको छ । विधेयक दर्ता भएसँगै यसमा रहेका केही प्रावधानले अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको हक, प्रेस स्वतन्त्रता, तथा डिजिटल अधिकारमा असर पार्न सक्ने भन्दै नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, प्राविधिक विज्ञलगायत सरोकारवालाहरूबाट गम्भीर चासो व्यक्त भएको छ ।

डिजिटल राइट्स नेपालले डिजिटल राइट्स एक्सन ग्रुप (DRAG) सँगको समन्वयमा तयार पारेको यस विश्लेषण पत्रले विधेयकका प्रमुख व्यवस्था, समस्याजनक प्रावधान तथा सो ले मानव अधिकारमा पार्ने असर र सुझाव समेटेको छ ।

## विधेयकका मुख्य प्रावधानहरु

### सामाजिक सञ्जालको परिभाषा र अनुमतिसम्बन्धी व्यवस्था:

विधेयकले दफा २(घ) मा सामाजिक सञ्जाल प्लेटफर्मलाई 'इन्टरनेट प्रयोगकर्ता व्यक्ति-व्यक्ति, व्यक्ति र समूह वा संस्था तथा समूह वा संस्थाका बिच विचार वा जानकारी आदान प्रदान गर्न वा सामाजिक अन्तरक्रिया गर्न सकिने गरी विद्युतीय प्रविधिको माध्यमद्वारा साइबर स्पेसमा सिर्जना गरिएको एप, वेबसाइट, ब्लग, एआई टुल्स वा यस्तै प्रकृतिका सार्वजनिक रुपमा उपलब्ध सामाजिक सञ्जाल प्लेटफर्म' भनी परिभाषा गरेको छ । त्यसैगरी, विधेयकले नेपालमा सामाजिक सञ्जाल सञ्चालन गर्नुअघि सेवा प्रदायकले सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था गरेकाले फेसबुक, युट्युबजस्ता प्लेटफर्म सँगसँगै सामाजिक अन्तरक्रिया गर्न सकिने कुनै पनि नेपाली वेबसाइटहरु, एप्स, ब्लग आदी सबैले अनुमतिपत्र प्राप्त गर्नुपर्ने हुन्छ (दफा ३) ।

### विभागलाई कानुन व्याख्या र दण्डको अधिकार:

विधेयकको दफा १० ले विभागलाई सामाजिक सञ्जालको नियमित अनुगमन गरी सामाजिक सञ्जालमा पोस्ट वा सेयर भएका सामग्री कानुन विपरीत हो होइन भनी निर्णय गर्ने, त्यस्ता सामग्री हटाउन प्लेटफर्मलाई निर्देशन दिने, र निर्देशन पालना नगरे कारबाही गर्ने अधिकार दिएको छ । त्यस्तै, दफा १६(१) ले तोकेका सर्त विपरीत गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, कमेन्ट, ट्याग आदि गर्ने प्रयोगकर्तालाई दफा १६(३) बमोजिम विभागले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था विधेयकले गरेको छ ।

### कसुरको परिभाषा र अपराधिकरण:

विधेयकले यस भन्दा अगाडि परिभाषा नगरिएका सामाजिक सञ्जाल प्रयोगसम्बन्धी विभिन्न क्रियाकलापहरू जस्तै साइबर बुलिङ्ग (Cyberbullying), साइबर स्टकिङ्ग (Cyberstalking), फिसिङ्ग (Phishing), इम्पोष्टर स्याम (Imposter Scam) आदिको परिभाषा गर्दै त्यस्तो कार्यका लागि दण्ड सजायको व्यवस्था गरेको छ ।

### सामाजिक सञ्जाल प्लेटफर्मको जिम्मेवारी:

विधेयकको दफा १२ले अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्त अन्तर्गत सामाजिक सञ्जाल प्लेटफर्मले 'प्रचलित कानुन विपरीतका विषयवस्तुको पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्नुपर्ने' व्यवस्था गरेको छ । उल्लेखित प्रावधानको उल्लङ्घन गरेमा पच्चीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ [दफा१२(२)] ।

### अनलाइनमा अज्ञात रहनमा निषेधसम्बन्धी व्यवस्था:

दफा २७(१) मा कसैले सामाजिक सञ्जालमा बेनामी वा छद्मभेषी (फेक आइडी, पेज, समूह) वा अरुको नामबाट पहिचान सिर्जना गर्ने, त्यस्तो पहिचान मार्फत विषयवस्तु उत्पादन गरी पोष्ट वा सेयर गर्ने, अरुको विषयवस्तु सेयर गर्ने, कमेन्ट वा कल गर्ने कार्य गर्नु हुँदैन भन्ने व्यवस्था छ । त्यस्तै, दफा १२(१)(ज) मा प्रयोगकर्ताको वास्तविक पहिचान खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिनुपर्ने व्यवस्था गरिएको छ ।

## प्रस्तावित विधेयकमा देखिएका मुख्य समस्याहरु र त्यसले पार्ने सम्भावित असर

### १) अभिव्यक्ति स्वतन्त्रतामा पार्ने असर

विधेयकले अनलाइन सामग्री नियमन गर्नका लागि प्रयोग गरेका केही शब्दावलीहरू, उदाहरणका लागि, "अपमानजनक शब्द", "होच्याउने", "ट्रोल"[दफा १६(१)], "बीभत्स तस्बिर वा भिडियो"[दफा २४], "गलत मनसाय" [दफा १६(२)], "नेपालको स्वाभिमान", "राष्ट्रहित" [दफा १८(१)] आदि व्यापक, अस्पष्ट र व्याख्याका लागि खुला छन्। यस्ता अस्पष्ट शब्दहरूले विरोधी वा आलोचनात्मक अभिव्यक्तिलाई नियन्त्रण गर्ने तथा राज्यबाट निगरानी वा प्रतिबन्ध लगाउने जोखिम बढाउँछ। साथै, 'सामाजिक सञ्जाल' [दफा २(घ)] र 'सामाजिक सञ्जाल प्लेटफर्म' [दफा २(झ)] को परिभाषा अत्यन्तै विस्तृत छ, जसअनुसार टिप्पणी गर्न मिल्ने सबै वेबसाइट वा ब्लगसमेतले अनुमति लिनुपर्ने हुन्छ।

त्यसैगरी, दफा २७(१) ले बेनामी वा छद्मभेषी पेज, आइडी, ग्रुपहरु प्रयोगमा निषेध गरेको छ, जसले अभिव्यक्ति स्वतन्त्रताको एक महत्त्वपूर्ण पाटो 'अज्ञात रहन पाउने अधिकार' (Right to Anonymity) माथि प्रत्यक्ष असर पार्छ र असल मनसायले खोलिएका खाताहरुसमेत बन्द गर्न सक्ने जोखिम रहन्छ। कानुन उल्लङ्घन नगर्दासम्म प्रयोगकर्ताहरुले सामान्य रुपमा सामाजिक सञ्जाल प्रयोग गर्न पाउनुपर्नेमा वास्तविक पहिचान नखुलेको कारणले मात्र गैरकानुनी हुने भन्ने व्यवस्था अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्ड विपरीत रहेको छ।

### २) सामाजिक सञ्जाल प्लेटफर्मको जिम्मेवारी र त्यसले पार्ने असर

विधेयकको दफा १२ मा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तको व्यवस्था गर्दै उपदफा (१)(ख) मा 'कानुन विपरीतका विषयवस्तु पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्नुपर्ने' भन्ने व्यवस्था गरिएको छ। त्यस्तै, दफा १३ ले सामाजिक सञ्जालमा प्रसारित कानुन विपरीतका सामग्री हटाउन सम्बन्धित निकायले निर्देशन दिन सक्ने र त्यस्ता सामग्री नहटाएमा सेवा प्रदायकलाई ५ लाखदेखि १५ लाख रुपैयासम्म जरिवाना गर्न सकिने व्यवस्था गरेको छ।

सिद्धान्ततः सामाजिक सञ्जाल प्लेटफर्महरू सामग्री वा विषयवस्तुका ज्ञाता होइनन् र उनीहरूलाई कुनै सामग्री कानुनी हो वा होइन भनी निर्क्योल गर्ने अधिकार दिइनु हुँदैन। यसो गरिएमा उनीहरूले आफूलाई शङ्का लागेका कुनै पनि सामग्रीलाई कानुन विपरीतका भनी बन्देज लगाउने सम्भावना रहन्छ। यस्तो प्रावधानले प्रयोगकर्ताको सामग्रीमा निगरानी बढाउने, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई कानुनको व्याख्याता बनाउने, र नागरिकको अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमा अनावश्यक बन्देज सिर्जना गर्ने खतरा रहन्छ। साथै दफा १२ मा उल्लिखित "अन्य उपाय" भनेको कस्ता उपाय हुन् र यसको सीमा के हो भन्ने समेत स्पष्ट छैन।

त्यसैगरी, दफा १३ अन्तर्गत व्यक्तिगत गुनासो वा उजुरीका आधारमा न्यायिक अनुमतिबिना नै विभागले सामग्री हटाउने प्रक्रिया सुरु गर्न सक्ने, र उजुरी गर्न कुनै प्रमाण वा आधार अनिवार्य रूपमा उल्लेख गरिनु नपर्ने भएकाले दुराशयपूर्ण गुनासोहरू आउन सक्ने र यो व्यवस्थाको दुरुपयोग हुनसक्ने जोखिम रहेको छ। सामग्री हटाउने आदेशविरुद्ध सेवा प्रदायक वा व्यक्तिले उजुरी गर्न सक्ने व्यवस्था नभएकाले यो प्रावधान प्राकृतिक न्यायका सिद्धान्त विपरीत समेत रहेको छ।

साथै, प्रस्तावित विधेयकले सामाजिक सञ्जाल प्लेटफर्मका लागि केही सर्तहरू तोके पनि स्पष्ट रूपमा 'प्लेटफर्म उत्तरदायित्व' सम्बन्धी अलग र समग्र व्यवस्था गरेको छैन। सामाजिक सञ्जाल प्लेटफर्महरू मानवअधिकार संरक्षण, डाटा सुरक्षा, पारदर्शिता, प्रयोगकर्ताका अधिकार सुनिश्चितता लगायतका लागि उत्तरदायी हुन्छन्। तथापि विधेयकले यस सम्बन्धका कुनै स्पष्ट व्यवस्था गरेको छैन। विधेयकलाई परिमार्जन गरिँदा यी विषयहरू समावेश गरिनु आवश्यक छ।

### ३) वैयक्तिक गोपनीयतामा प्रत्यक्ष असर पार्ने प्रावधान

विधेयकले सामाजिक सञ्जाल प्लेटफर्मका लागि सर्तहरू तोक्दै सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक पहिचान खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने व्यवस्था गरेको छ [दफा १२(१)(ज)]। तर पहिचान खुलाउने प्रक्रिया र तरिका के हुनेछ भन्ने स्पष्ट छैन। यसले गर्दा वास्तविक पहिचान खुल्ने नागरिकता वा राष्ट्रिय परिचयपत्रजस्ता संवेदनशील कागजात प्लेटफर्मलाई उपलब्ध गराउनुपर्ने अवस्था आउँछ, जसले गोपनीयता र साइबर सुरक्षामा जोखिम पुऱ्याउँछ।

त्यसैगरी, दफा १२(१)(ञ) मा यस ऐनअन्तर्गतको जाँचबुझ वा कसुरको अनुसन्धान गर्ने प्रयोजनको लागि सम्बन्धित निकायले मागेका प्रयोगकर्ताको विवरण सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ। न्यायिक निकायको अनुमति वा आदेशबिना विवरण माग्न सकिने यस्तो व्यवस्था गोपनीयताको हकसम्बन्धी संवैधानिक व्यवस्था र गोपनीयताको हकसम्बन्धी ऐन विपरीत रहेको छ। साथै 'प्रयोगकर्ताको विवरण' लाई परिभाषा नगरिएकाले यसको व्यापक व्याख्या हुन सक्ने र यसअन्तर्गत प्रयोगकर्ताको सञ्चार विवरणलगायतका वैयक्तिक जानकारी तथा सूचनाहरु समेटिने जोखिम समेत रहेको छ।

### ४) कसुरसम्बन्धी दोहोरो प्रावधानहरु

तविधेयकले एउटै कार्यलाई भिन्न भिन्न दफामा राखी भिन्न भिन्न सजाय तोकेको छ। उदाहरणका लागि दफा १६ मा मिथ्या सूचना प्रचार गरेबापत ५ लाखसम्म जरिवाना हुने उल्लेख गरेको छ भने दफा २५ मा दुई वर्षसम्म कैद सजाय वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ। यसरी एउटै कार्यलाई फरक-फरक दफामा राखेर फरक-फरक सजायको व्यवस्था गर्दा कानुनी अस्पष्टता सिर्जना हुनुका साथै कानुनको निष्पक्ष कार्यान्वयनमा समेत चुनौती सिर्जना हुनसक्छ।

त्यस्तै दफा १०(घ) मा "प्लेटफर्ममा पोष्ट वा सेयर भएका विषयवस्तु यस ऐन वा प्रचलित कानुन विपरीत भएको पाइएमा त्यस्तो विषयवस्तुको प्रकृति, असर र प्रभाव हेरी आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा पठाउने" व्यवस्था छ भने दफा १२(२), दफा १३(४), र दफा १६(३) मा विभागले नै कारबाही गर्ने व्यवस्था गरेको छ। यसरी दुई भिन्न र बाझिने प्रावधान हुादा कुन अवस्थामा विभागले आफौ कारबाही गर्ने हो कुन अवस्थामा कारबाहीका लागि सम्बन्धित निकायलाई लेखि पठाउने हो भन्ने स्पष्ट छैन ।

## ५) विभागलाई कानुन व्याख्या र दण्डको अधिकार

विधेयकको दफा १० अनुसार विभागलाई प्लेटफर्ममा पोष्ट वा सेयर भएका विषयवस्तु कानुन बमोजिम भए नभएको बारेमा नियमित अनुगमन गर्नेदेखि कानुन विपरीत भएमा त्यसको प्रकृति, असर र प्रभाव हेरि कारबाही गर्न सम्बन्धित निकायमा पठाउने तथा कानुन बमोजिम प्रसार गर्न उपयुक्त नदेखिएका विषयवस्तुलाई हटाउन सम्बन्धित प्लेटफर्मलाई निर्देशन दिने जस्ता अधिकार रहेको छ । त्यस्तै, दफा १६(१) मा सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त तोकी दफा १६(२) मा उक्त सर्त विपरीतका कार्यलाई गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भनी उल्लेख गरेको छ । यदि यस विपरीतको कार्य गरेमा दफा १६(३) अनुसार सो प्रयोगकर्तालाई विभागले पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने अधिकार विभागलाई दिएको छ ।

दफा १० र १६ मा विभागलाई दिइएको अधिकारको प्रयोग न्यायिक प्रक्रिया वा स्वतन्त्र नियामक निकायको सहभागिता विना हुने भएकाले यसले कानुनको स्वेच्छाचारी व्याख्या र दण्डको सम्भावना निम्त्याउाछ। विवादित सामग्री कानुन विपरीत हो होइन भन्ने निर्णय गर्ने र सामग्री हटाउन निर्देशन दिने अधिकार कार्यपालिका (विभाग) लाई दिने व्यवस्था विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त र निष्पक्ष कार्यान्वयनको दृष्टिकोणले आपत्तिजनक छ । यस्तो व्यवस्थाले राज्यलाई सामग्रीको एकपक्षीय व्याख्या गर्ने स्वतन्त्रता दिन्छ भने सरकार वा शक्तिशाली समूहको आलोचना गर्दा आफ्नो सामग्री जबरजस्ती हटाइने र दण्ड सजायको भागिदार हुनुपर्ने डरका कारण नागरिक, प्रयोगकर्तामा स्व-नियन्त्रण (self–censorship) को अभ्यास बढ्छ, जसले स्वतन्त्र अभिव्यक्ति र प्रेस स्वतन्त्रता माथि गम्भीर असर पार्न सक्छ ।

## ६) कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था

विधेयकले सामाजिक सञ्जालको सामान्य क्रियाकलाप (जस्तै, लाइक, कमेन्ट, ट्याग) मा गलत मनसायले सहभागी हुनेलाई विभागले ५ लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ [दफा १६(१)(३)] । विभाग जस्तो कार्यपालिकीय निकायलाई यसरी सजाय दिने अधिकार दिनु न्यायिक अधिकार क्षेत्रको उल्लङ्घन हो । कसुर भएको हो वा होइन निर्णय गर्ने अधिकार न्यायिक निकायलाई हुनुपर्छ ।

त्यसैगरी, गाली बेइज्जतीलाई फौजदारी कसुरका रूपमा भन्दा पनि देवानी कसुरका रूपमा राख्दै क्षतिपूर्तिमा जोड दिने व्यवस्था गरिनु पर्छ । त्यसैगरी, अन्य व्यक्तिको पहिचान चोरी (Impersonation) लाई छुट्टै कसुरका रूपमा व्यवस्था गरिनु पर्छ भने फिसिङ्ग सामाजिक सञ्जाल कसुर भन्दा पनि साइबर कसुर भएकोले यस कानुनअन्तर्गत नभई साइबर सुरक्षा सम्बन्धी कानुनमा समेट्नु उपयुक्त हुन्छ ।

## ७) सरकारवादी मुद्दा हुने व्यवस्था

प्रस्तावित विधेयकको दफा ३२ ले परिच्छेद ६ बमोजिमको कसुरका मुद्दाहरु सरकारवादी हुने व्यवस्था गरेको छ। व्यक्ति आफैले सक्रिय भएर मुद्दा लिएर जानुपर्ने जस्ता विषयहरू पनि सरकारवादी बनाउँदा राज्यलाई अतिरिक्त भार थपिन जान्छ। सबै कसुरलाई सरकारवादी मुद्दाको रुपमा नराखी कसुरको प्रकृति अनुसार देवानी, व्यक्तिवादी फौजदारी वा सरकारी फौजदारी मुद्दामा वर्गीकरण गरिनु पर्ने देखिन्छ ।

## ८) सम्बद्ध निकाय सम्बन्धी व्यवस्था

तविधेयकले दफा ११ ले सम्बद्ध निकाय सम्बन्धी व्यवस्था गरेको छ, जस अन्तर्गत नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य निकायलाई सम्बद्ध निकायका रूपमा राखिएको छ । उल्लिखित निकायहरु विशिष्ट कानुनद्वारा स्थापित विशिष्टीकृत निकाय हुन् र यिनीहरुको काम, कर्तव्य, अधिकार यी निकाय स्थापित गर्ने कानुनमा नै तोकिएको छ । विधेयकले सामाजिक सञ्जाल नियमनका लागि छुट्टै निकायको व्यवस्था गर्ने भएपछि भिन्न कार्यक्षेत्र भएका उल्लिखित निकायहरूलाई सामाजिक सञ्जाल नियमनमा संलग्न गराउन आवश्यक छैन । यदि यसो गरिएमा सामाजिक सञ्जाल नियमनको जिम्मेवारी अनावश्यक रूपमा विभिन्न निकायका बिच विभाजित हुन्छ र सोही उद्देश्यका लागि स्थापित विशेष निकाय भने कमजोर हुन जान्छ। तसर्थ यो प्रावधान हटाइनु उपयुक्त हुन्छ ।

## ९) सामाजिक सञ्जाल र प्रेस स्वतन्त्रता

हाल सञ्चारमाध्यमहरुले आफ्ना समाचार तथा सामग्रीहरू सामाजिक सञ्जालमार्फत पनि प्रवाह गर्ने गर्दछन् । साथै सञ्चारमाध्यमहरु पूर्णतया सामाजिक सञ्जाल-आधारित नै पनि हुन सक्छन् । उदाहरणका लागि नियमित रूपमा समाचार उत्पादन तथा प्रसारण गर्ने युट्युब आधारित समाचार च्यानलहरू । सञ्चारमाध्यमका सामाजिक सञ्जाल खाताहरू वा सामाजिक सञ्जाल-आधारित सञ्चारमाध्यमहरू दुवै 'प्रेस' वा 'मिडिया' नै हुन् । प्रेस' वा 'मिडिया' वा सञ्चारमाध्यमलाई नियमन गर्न विशेष कानुन तथा प्रक्रियाको व्यवस्था छ । त्यसैले सञ्चारमाध्यमको सामाजिक सञ्जाल प्रयोगलाई पुनः यस विधेयकको दायरामा ल्याउनु आवश्यक छैन । यसले दोहोरो नियमन सिर्जना गर्दछ र प्रेस स्वतन्त्रतामाथि अनावश्यक नियन्त्रणको जोखिम ल्याउन सक्छ । तसर्थ प्रेस स्वतन्त्रता सुनिश्चित गर्न सञ्चारमाध्यमलाई यो विधेयकबाट स्पष्ट रूपमा बाहिर राखिनुपर्छ ।

## विधेयक परिमार्जनका लागि सुझाव

- विधेयकमा समावेश केही परिभाषा नगरिएका अस्पष्ट शब्दहरूको स्पष्ट परिभाषा गरिनुपर्छ, व्यापक र अस्पष्ट रहेका केही परिभाषालाई स्पष्ट बनाइनुपर्छ भने विभिन्न प्रावधानमा 'स्पष्टीकरण' अन्तर्गत व्याख्या गरिएका शब्दहरूलाई परिभाषा खण्डमै समेटिनु पर्छ ।
- प्रयोगकर्ताका लागि तोकिएका सर्त, कसुर र सजायका व्यवस्था संविधान प्रदत्त मौलिक हक र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड अनुकूल हुने गरी संशोधन गरिनुपर्छ ।
- सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरुको नियमन सरकार तथा सत्तामा रहेका व्यक्तिहरुको प्रत्यक्ष नियन्त्रण र प्रभावमा रहने विभागबाट नभई सरकारी हस्तक्षेपबाट मुक्त स्वतन्त्र निकायमार्फत गरिनु पर्छ ।
- अनलाइनबाट सामग्री हटाउने निर्णयसम्बन्धी क्षेत्राधिकार कार्यपालिकिय निकायमा नभई अर्धन्यायिक वा न्यायिक निकायअन्तर्गत रहने व्यवस्था गरिनु पर्छ ।
- विधेयकमा व्यवस्था गरिएका कसुरहरूलाई कसुरको प्रकृति अनुसार व्यक्तिवादी फौजदारी वा सरकारवादि फौजदारी मुद्दामा वर्गीकरण गरिनुपर्छ ।
- सामग्री हटाउने निर्णय, प्रयोगकर्ताको विवरणमा पहुँच जस्ता कार्यमा सेवा प्रदायक र नियामक निकाय दुवैको क्षेत्राधिकार पारदर्शी, स्पष्ट प्रक्रियामा आधारित र उत्तरदायित्वपूर्ण हुनुपर्छ । यसका लागि स्पष्ट पुनरावेदन प्रक्रिया र स्वतन्त्र नियमन निकायको व्यवस्था आवश्यक छ ।
- सम्बद्ध निकाय सम्बन्धी व्यवस्थाले सामाजिक सञ्जाल नियमनमा दोहोरो क्षेत्राधिकार सिर्जना गर्ने, सम्बद्ध भनिएका निकायको मूल कानुनमा सामाजिक सञ्जाल नियमन सम्बन्धमा कुनै व्यवस्था नभएको, र प्रस्तावित व्यवस्थाले कानुनी अस्पष्टता सिर्जना गर्ने हुनाले सम्बद्ध निकाय सम्बन्धी व्यवस्था हटाइनु पर्छ ।
- सामान्य अनलाइन क्रियाकलाप जस्तै लाइक, सेयर, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग, वा मेन्सन गर्ने जस्ता कार्यका लागि कडा दण्ड जरिवाना राखिनु हुँदैन । कसुरजन्य सामग्री सिर्जना तथा प्रकाशन प्रसारण गर्ने र त्यसलाई लाईक सेयर गर्नेलाई एकै सजाय विधिशास्त्रिय हिसाबले पनि उपयुक्त हुँदैन । यस्तो व्यवस्थालाई परिमार्जन गर्दै सुधारात्मक उपाय (सचेत गराउने) लगायत जरिवानालाई प्राथमिकता दिँदै न्यून कैद सजायको व्यवस्था गरिनुपर्छ ।
- सञ्चारमाध्यमहरूको प्रेस तथा प्रकाशनसम्बन्धी विशेष कानुन र नियामक निकायमार्फत नियमन भई नै रहेकाले सामाजिक सञ्जाल प्रयोग गरेकै आधारमा सञ्चारमाध्यमहरूलाई पुनः यो विधेयकको दायरामा ल्याउनु दोहोरो नियमन हुनेछ त्यसैले प्रेस स्वतन्त्रताको रक्षा गर्न सञ्चारमाध्यमहरूलाई यस विधेयकबाट स्पष्ट रूपमा बाहिर राखिनुपर्छ ।
- यस विश्लेषण पत्रमा उल्लिखित लगायतका विधेयकमा निहित समस्याहरुका बारेमा सरकार तथा संसदीय समितिले नागरिक समाज, पत्रकार, प्राविधिक तथा कानुनविद्साग थप परामर्श गरी आवश्यक सुधार गर्नु पर्छ ।

Digital Rights Nepal

प्रविधि अधिकार नेपाल (DRN) सन् २०२० मा स्थापित नेपालमा डिजिटल अधिकारको संरक्षण र सुरक्षित अनलाइन वातावरणको विकासमा समर्पित गैर नाफामूलक संस्था हो । नागरिक अधिकार अभियन्ताहरु तथा विशेषज्ञहरु संलग्न प्रविधि अधिकार नेपालले अनलाइन अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता संरक्षण, सूचनामा पहुँच, र साइबर सुरक्षा प्रवर्द्धन गर्न क्षमता अभिवृद्धि पहलहरूमा संलग्न रहदै अनुसन्धान, अध्ययन तथा नीति सुधारका लागि वकालत गर्दछ ।

Digital Rights action Group

DRAG STEERING COMMITTEE

Digital Rights Nepal | Dignity Initiative | Open Internet Nepal | WLiT

डिजिटल राइट्स एक्सन ग्रुप (Digital Rights Action Group- DRAG) डिजिटल राइट्स नेपाल (Digital Rights Nepal), डिग्निटि इनिसियटिभ (Dignity Initiative), ओपन इन्टरनेट नेपाल (Open Internet Nepal) र वुमन लिडर्स इन टेक्नोलोजि (Women Leaders in Technology- WLiT) द्वारा संयोजन गरिएको, नेपालमा डिजिटल अधिकारको वकालतलाई थप समावेशी, सशक्त र प्रभावकारी बनाउने उद्देश्यबाट प्रेरित खुला सहकार्य सञ्जाल हो ।